राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३३२ २०८३ असार १८ गते बिहिवार (02 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## मधेश सरकारमा बजेट 'लक' को संकट

# एक अर्ब भुक्तानी रोकिँदा निर्माण व्यवसायी आन्दोलित

दैनिक समाचारदाता

जनकपुरधाम, १७ असार । चालु आर्थिक वर्षको अन्तिम चरणमा मधेश प्रदेश सरकारभित्रको आन्तरिक असमझदारी र समन्वय अभावका कारण विकास निर्माणका काम प्रभावित भएका छन्। आर्थिक वर्ष सकिन केही दिन मात्र बाँकी रहँदा भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतका ४८ वटा योजनाको करिब एक अर्ब रुपैयाँ भुक्तानी रोकिएपछि निर्माण व्यवसायी र उपभोक्ता समितिहरू आन्दोलनमा उत्रिएका छन् ।



- ४८ वटा विकास योजनाको करिब १ अर्ब रुपैयाँ भुक्तानी रोकिएको।
- निर्माण सम्पन्न भएका योजनाको समेत रकम नपाउँदा निर्माण व्यवसायी र उपभोक्ता समिति समस्यामा।
- निर्माण व्यवसायीले पूर्वाधार विकास कार्यालयमा तालाबन्दी, मन्त्रालयमा पनि तालाबन्दीको चेतावनी।
- अर्थ मन्त्रालयको भनाइ : पूर्वस्वीकृति नलिई कार्यान्वयन भएका योजनाको भुक्तानी रोकिएको।
- जेठ २६ मा अर्थ मन्त्रालयले १० लाखभन्दा कमका योजना रोक्ने र विभिन्न शीर्षकको खर्च ३०(५० प्रतिशतसम्म कटौती गर्ने निर्णय गरेको।
- खर्च कटौतीको निर्णयप्रति मुख्यमन्त्री, मन्त्री र कर्मचारीहरू असन्तुष्ट।

अर्थ मन्त्रालयले बजेट खर्च प्रणाली (पीएलआईएमबीएस) मा पुन: बजेट 'लक' गरेपछि कार्यान्वयनमा गइसकेका तथा निर्माण सम्पन्न भइसकेका योजनाको समेत भुक्तानी रोकिएको हो। यसले प्रदेश सरकारको विकास खर्च मात्र होइन, सरकारको वित्तीय व्यवस्थापन र निर्णय प्रक्रियामाथि समेत प्रश्न उठाएको छ ।

भुक्तानी रोकिएपछि निर्माण व्यवसायीहरूले भौतिक पूर्वाधार मन्त्रालयमा तालाबन्दी गर्ने चेतावनी दिएका छन्। मन्त्रालय मातहतको पूर्वाधार विकास कार्यालयमा भने उनीहरूले तालाबन्दी गरिसकेका छन् ।

निर्माण व्यवसायी संघ धनुषाका महासचिव रुपेश सिंहले मन्त्रालयकै निर्णय र टेन्डर प्रक्रियाअनुसार काम सम्पन्न गरे पनि अन्तिम समयमा आएर बजेट रोकिँदा निर्माण व्यवसायीहरू गम्भीर आर्थिक संकटमा परेको बताए ।

उनले मन्त्रालयले कानुनी प्रक्रिया पूरा गरी योजना कार्यान्वयन गराएको, व्यवसायीहरूले सम्झौता अनुसार निर्माण सम्पन्न गरेको तर भुक्तानी दिने बेला बजेट रोकिएको भन्दै सरकारको नियतमाथि नै प्रश्न उठाए। यसबाट दर्जनौं निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरू आर्थिक समस्यामा परेको उनको भनाइ छ ।

भौतिक पूर्वाधार मन्त्रालयका उपसचिव सञ्जयकुमार साहका अनुसार अर्थ मन्त्रालयले बजेट प्रणाली खोलेपछि मात्रै योजनाहरूको कार्यान्वयन प्रक्रिया अघि बढाइएको थियो। तर असारको अन्तिम समयमा पुन: बजेट रोक्का गरिएपछि निर्माण सम्पन्न योजनाको समेत भुक्तानी अन्योलमा परेको उनले बताए ।

यो विवादको जरो चालु आर्थिक वर्षको सुरुमै अर्थ मन्त्रालयले जारी गरेको खर्च मापदण्डमा जोडिएको छ। आर्थिक वर्ष २०८२/८३ को साउनमा जारी निर्देशिकाले विकास योजना कार्यान्वयन गर्नुअघि अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरेको थियो। त्यसैअनुसार लामो समयसम्म विकास बजेट रोकिएको थियो ।

गत वैशाखको अन्तिम सातामा अर्थ मन्त्रालयले पीएलआईएमबीएस प्रणालीमा रहेको बजेट 'लक' खोलेपछि विभिन्न मन्त्रालयहरूले धमाधम योजना कार्यान्वयन सुरु गरेका थिए। कतिपय योजनामा पेस्कीसमेत वितरण गरिएको थियो। तर आर्थिक वर्ष समाप्त हुनै लाग्दा पुन: बजेट रोकिएपछि निर्माण सम्पन्न योजनाको भुक्तानी नै रोकिएको हो ।

वर्तमान अर्थमन्त्री युवराज भट्टराईले आफूले अघिल्लो सरकारले जारी गरेको खर्च मापदण्ड कार्यान्वयन मात्र गरिरहेको स्पष्ट पारेका छन्। उनका अनुसार तत्कालीन अर्थमन्त्री सुनिल यादवले जारी गरेको निर्देशिका मन्त्रिपरिषद्को निर्णयबिना संशोधन वा खारेज गर्न सकिँदैन।

उनले मन्त्रालयहरूले योजना कार्यान्वयनअघि पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था पालना नगरेको उल्लेख गर्दै आवश्यक परे मन्त्रिपरिषद्बाट नयाँ निर्णय गराउनुपर्ने सुझाव दिएका छन्।

यता, मधेश सरकारभित्र बजेट नियन्त्रणको विषयलाई लिएर तीनदलीय गठबन्धनमै मतभेद चुलिएको छ। खर्च नियन्त्रण तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले अर्थ मन्त्रालयले जेठ २६ गते १० लाख रुपैयाँभन्दा कम लागतका योजना रोक्ने तथा मसलन्द, इन्धनलगायत विभिन्न शीर्षकमा ३० देखि ५० प्रतिशतसम्म खर्च कटौती गर्ने निर्णय गरी सबै मन्त्रालयमा परिपत्र गरेको थियो। उक्त निर्णयप्रति मुख्यमन्त्री, अन्य मन्त्री तथा कर्मचारीहरू असन्तुष्ट रहेका छन्।

यसबीच गत असार १३ गते बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयको खर्च कटौतीसम्बन्धी निर्णय उल्ट्याउने निर्णय गरेको थियो। तर उक्त प्रस्ताव अर्थ मन्त्रालयबाट नगएको र अर्थमन्त्री भट्टराई बैठकमै अनुपस्थित रहेकाले मन्त्रिपरिषद्को निर्णयको वैधानिकतामाथि नै प्रश्न उठ्न थालेको छ।

हाल मधेश प्रदेश सरकार नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सम्मिलित गठबन्धनद्वारा सञ्चालित छ। मुख्यमन्त्री कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव र अर्थमन्त्री नेकपाका संसदीय दलका नेता युवराज भट्टराई रहेका छन्। सरकारभित्रको आन्तरिक असमझदारी, बजेट व्यवस्थापनमा देखिएको अन्योल र निर्णय कार्यान्वयनको कमजोरीका कारण आर्थिक वर्षको अन्तिम चरणमा विकास निर्माणको काम प्रभावित हुनुका साथै प्रदेश सरकारको कार्यक्षमतामाथि समेत गम्भीर प्रश्न उठ्न थालेको छ ।

## इन्धनको मूल्य घट्यो



दैनिक समाचारदाता

जनकपुरधाम, १६ असार । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यमा उल्लेखनीय कटौती गरेको छ ।

अन्तर्राष्ट्रिय बजारमा इन्धनको खरिद मूल्य घटेपछि निगमले बुधबार बिहानदेखि लागू हुने गरी पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन तथा खाना पकाउने एलपी ग्यासको नयाँ मूल्य निर्धारण गरेको हो ।

मंगलबार बसेको निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर २० रुपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर ३० रुपैयाँले मूल्य घटाउने निर्णय गरेको छ। त्यस्तै, आन्तरिक उडानमा प्रयोग हुने हवाई इन्धनमा प्रतिलिटर ४० रुपैयाँ र एलपी ग्यासमा प्रतिसिलिन्डर १०० रुपैयाँले मूल्य घटाइएको छ ।

नयाँ मूल्यअनुसार १४.२ केजी क्षमताको एलपी ग्यास सिलिन्डरको मूल्य २ हजार ६० रुपैयाँ कायम भएको छ। यसअघि यसको मूल्य २ हजार १६० रुपैयाँ थियो। यस्तै, आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर २२९ रुपैयाँ तोकिएको निगमले जनाएको छ ।

निगमका अनुसार भारतीय आयल कर्पोरेसन (आईओसी) बाट प्राप्त नयाँ खरिद मूल्यमा पेट्रोल, डिजेल, हवाई इन्धन र ग्यासको लागत उल्लेखनीय रूपमा घटेकाले त्यसको प्रत्यक्ष लाभ उपभोक्तालाई दिने

बाँकी पृष्ठ ४मा

## प्रविधिमार्फत हुने लैङ्गिक हिंसा रोक्न राष्ट्रिय सभाको संकल्प पारित



दैनिक समाचारदाता


काठमाडौं, १७ असार । राष्ट्रिय सभाले प्रविधिको प्रयोगबाट हुने लैङ्गिक हिंसा रोकथाम, नियन्त्रण तथा महिलाको हक संरक्षण र न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्न सरकारलाई निर्देशनसहितको संकल्प प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ।

बुधबार बसेको राष्ट्रिय सभा बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले उक्त संकल्प प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई निर्देशन दिएका हुन्। यसअघि सांसद रेनु चन्दले प्रविधिमार्फत हुने लैङ्गिक हिंसा नियन्त्रण, महिलाको अधिकार संरक्षण र न्यायमा सहज पहुँच


बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# किसानको पसिना र राज्यको जिम्मेवारी

मधेश प्रदेशलाई नेपालको अन्नको भण्डार मानिन्छ। देशको ठूलो जनसंख्याका लागि आवश्यक खाद्यान्न उत्पादन गर्ने यो प्रदेशको अर्थतन्त्रको मुख्य आधार नै कृषि हो। प्रत्येक वर्ष धान रोपाइँको मौसम सुरु हुनासाथ किसानका अनुहारमा आशा र चिन्ता दुवै देखिन्छन्। यस वर्ष समयमै मनसुन सक्रिय भई वर्षा सुरु भएपछि किसानहरू उत्साहका साथ खेतमा उत्रिएका छन्। तर यो उत्साहसँगै एउटा पुरानो प्रश्न फेरि उब्जिएको छ–मधेशको कृषि कहिलेसम्म आकाशे पानीकै भरमा चलिरहने?

सरकारले कृषि उत्पादन वृद्धि, खाद्य सुरक्षाको सुनिश्चितता र किसानको आय बढाउने प्रतिबद्धता बारम्बार दोहोर्याउँदै आएको छ। विभिन्न योजना, बजेट र कार्यक्रम पनि सार्वजनिक गरिन्छन्। तर व्यवहारमा हेर्दा मधेशका अधिकांश खेत अझै स्थायी सिँचाइको पहुँचबाट टाढा छन्। मनसुन समयमै आयो भने उत्पादन राम्रो हुने आशा रहन्छ, ढिलो भयो भने किसानको मेहनत, लगानी र समय सबै जोखिममा पर्छ। यस्तो अवस्था आधुनिक कृषि प्रणालीका लागि उपयुक्त मान्न सकिँदैन।

जलवायु परिवर्तनका कारण वर्षाको स्वरूप दिनप्रतिदिन अनिश्चित बन्दै गएको छ। कहिले लामो समयसम्म खडेरी पर्छ, कहिले एकैपटक अत्यधिक वर्षा भएर बाढी र डुबानको समस्या उत्पन्न हुन्छ। यस्तो अवस्थामा केवल प्राकृतिक वर्षामाथि निर्भर रहनु कृषि क्षेत्रका लागि ठूलो जोखिम हो। त्यसैले दीर्घकालीन सिँचाइ प्रणालीको विकास, जलसञ्चय, भूमिगत पानीको वैज्ञानिक उपयोग तथा साना-ठूला सिँचाइ आयोजनालाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक छ।

कृषिको अर्को महत्वपूर्ण आधार रासायनिक मलको सहज उपलब्धता हो। सरकारले पर्याप्त मल मौज्दात रहेको दाबी गरे पनि किसानले समयमा मल नपाउने समस्या हरेक वर्ष दोहोरिन्छ। सरकारी गोदाममा मल रहेको भनिए पनि वितरण प्रणाली कमजोर हुँदा किसान निजी बजारबाट महँगो मूल्यमा मल खरिद गर्न बाध्य हुन्छन्। कृषि उत्पादन बढाउने लक्ष्य राख्ने हो भने मलको आपूर्ति मात्र होइन, यसको पारदर्शी र प्रभावकारी वितरण पनि सुनिश्चित हुनुपर्छ।

किसानले अहिले मल, सिँचाइ र बीउको समस्या मात्र भोगिरहेका छैनन्। उत्पादनपछि उचित मूल्य नपाउने, बजारको अभाव, कृषि बीमाको कमजोर कार्यान्वयन र युवाको कृषि पेशाबाट बढ्दो पलायन पनि उत्तिकै गम्भीर चुनौती हुन्। राज्यले कृषिलाई अर्थतन्त्रको मेरुदण्ड मान्ने हो भने किसानलाई केवल उत्पादन गर्ने जिम्मेवारी दिएर मात्र पुग्दैन, उनीहरूको उत्पादन सुरक्षित रूपमा बजारसम्म पुग्ने वातावरण पनि निर्माण गर्नुपर्छ।

मधेशको कृषि विकासका लागि अब नाराभन्दा परिणाममुखी काम आवश्यक छ। खेतसम्म सिँचाइ, किसानसम्म मल, उत्पादनको उचित मूल्य र आधुनिक कृषि प्रविधिको पहुँच सुनिश्चित गर्न सके मात्र कृषि क्षेत्रमा वास्तविक परिवर्तन सम्भव हुन्छ। अन्यथा प्रत्येक वर्ष मनसुनको प्रतीक्षा गर्ने, वर्षा भएपछि केही समय खुसी हुने र फेरि उही समस्याको चक्र दोहोरिने क्रम अन्त्य हुने छैन।

मधेशको समृद्धि किसानको समृद्धिसँग जोडिएको छ। किसान बलियो भए कृषि बलियो हुन्छ, कृषि बलियो भए प्रदेशको अर्थतन्त्र सुदृढ हुन्छ। त्यसैले सरकारले अब कृषि नीतिलाई कागजमा सीमित नराखी खेतसम्म पुर्‍याउने दृढ संकल्प गर्नुपर्छ। आकाशे पानीको भरमा टिकेको कृषि प्रणालीलाई दिगो, आधुनिक र आत्मनिर्भर बनाउनु नै आजको सबैभन्दा ठूलो आवश्यकता हो।

# प्रदेश सभा बिना संघीयता हुन सक्दैन



उपेन्द्र यादव

संघीयता किन ल्याउनुपर्‍यो ? यसको उद्देश्य के थियो ? अलिकति पछाडि जाऔँ।

नेपाल अहिलेको एकीकृत र आधुनिक राज्य (हुन त राज्य हुन नै बाँकी छ) हुनुअघि के थियो ?

पहिलो, १७७६ देखि १८४६ सम्म एउटा वंशानुगत पारिवारिक राजतन्त्रको निरंकुश शासन थियो। त्यहाँ नेपाली विविधतालाई समेटिएको थियो ? जनजाति कहाँ थिए ? मधेसी कहाँ थिए ? थारु कहाँ थिए ? यहाँसम्म कि महिला पनि कहाँ थिए ? थिएनन्।

त्यसपछि ठूलो परिवर्तन १८४६ देखि १९५० सम्मको १०४ वर्षको राणा पारिवारिक निरंकुश शासन थियो। त्यहाँ नेपाली विविधतालाई टाउको उठाउन दिइएन। उत्तराधिकार दाजुभाइमा जान्थ्यो। पहिला छोरामा गएको थियो । पछि श्री ३ महाराजका दाजुभाइहरूमा । त्यहाँ नेपाली विविधता वा नागरिक स्वतन्त्रता केही पनि समेटिएको थिएन।

त्यसपछिको ठूलो परिवर्तन १९५१ देखि पञ्चायतको अन्तिम चरणसम्मको अवधि हो। त्यतिबेला कसको शासन थियो त ? ओलिगार्की सिस्टम ( कुलीनतन्त्र) जस्तै थियो। पञ्चायत कालमा राजा पनि थिए, केही कुलीन सामन्त वर्गका मान्छे थिए। केही फाटफुट जनजाति र मधेसी खानापूर्तिको लागि देखिन्थे।

बहुदलीय व्यवस्था आइसकेपछि नागरिक स्वतन्त्रता अलि-अलि आयो, दलगत अभ्यास सुरु भयो, संगठित हुने अवसर पाए। तर त्यसको संरचना हेर्नुभयो भने, २०४६ सालभन्दा पहिला होस् वा गणतन्त्र आउनु अगाडिसम्मको संसद्को संरचना हेर्नुभयो भने, करिब-करिब एउटै जाति र एउटै वर्गका एलिट्स (कुलीन) हरूको शासन थियो। नेपालको २५० वर्षको इतिहास यसरी गएको थियो।

पहिलो पटक जब नेपालमा एउटा सशस्त्र विद्रोह अर्थात् जनयुद्ध भयो र त्यसपछि मधेस जनविद्रोह भयो, यसले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा जान बाध्य पार्‍यो। त्यसपछि जनजातिहरूको उल्लेखनीय उपस्थिति संविधानसभामा भयो।

पहिलो संविधानसभामा मधेसी, जनजाति र दलितहरू मिलाउँदा झन्डै दुई-तिहाइ बहुमत थियो। यसले विभिन्न जातजाति, भेष, भाषा, संस्कृति र समुदायका मानिसहरूलाई प्रतिनिधित्व गर्ने ढोका खोल्यो। महिलाको सहभागिता पहिला एक-दुईजना त हुन्थ्यो, यसले त्यसलाई उल्लेख्य रूपमा बढायो।

त्यतिखेरको संविधानसभामा झन्डै दुई-तिहाइ बहुमत थियो। तर षड्यन्त्र गरेर त्यो संविधानसभालाई महाभारतको चक्रव्युहमा अभिमन्युलाई जस्तै चारैतिरबाट आक्रमण गरेर सिध्याइयो। किन ? एउटै मात्र कारण थियो- त्यसको प्रतिनिधित्व समावेशी थियो।

संविधानसभामा मात्र होइन, सरकारी सेवा, शासन, प्रशासन र राजकीय संरचनामा प्रवेशको ढोका खुल्यो। त्यसकारणले एकात्मक शासन प्रणालीभन्दा संघीय प्रणाली बढी समावेशी र बढी लोकतान्त्रिक हो। यसमा मलाई लाग्छ, द्विविधामा रहनु जरुरी छैन।

नेपाल आफैँमा सामाजिक रूपमा संघीय संरचना हो। हाम्रो मुलुकको विविधतालाई राजनीतिक शक्तिमा र स्रोत तथा सम्पत्ति वितरणमा सेयर गर्ने काम पहिलो पटक नेपालको इतिहासमा मधेस आन्दोलन र संघीयतापछि भएको हो। यो यथार्थ हो।

यसलाई उल्टाएर कहाँ लाने त अब ? अगाडि जाने ठाउँ छैन। अगाडि जानु भनेको मोर अझ लोकतान्त्रिक, अझ बलियो संघीयतामा जानु हो। पछाडि जाने हो भने फेरि एउटै भाषा, एउटै भेष, एउटै राजा र एउटै देशको एकात्मक शासन प्रणालीमा जान खोजेको हो ?

एउटै कुलीन वर्गको शासनतर्फ जान खोजेको हो ? संघीयताबाहेक विविधता समेट्ने अर्को कुनै प्रणाली बाँकी दुनियाँमा देखिँदैन। नेपालमा संघीयताबाहेक सम्भव छैन। यसमा द्विविधा हुनु हुँदैन।

संविधानसभाबाट संविधान पारित मात्रै गराइएको हो। दलहरू त्यहाँ चुकेका थिए । संविधानसभामा ३६०-६१ वटा संशोधन प्रस्ताव दर्ता भएका थिए। किन सफल गराइएन ? हामी त सडकमा गोली खाइरहेका थियौँ, तर संविधानसभामा पनि संशोधन प्रस्तावमाथि छलफल नगर्ने किताबै पास गरियो। त्यो त्रुटिपूर्ण हो।

संघीयताको संरचना खडा गर्दा अन्तरिम संविधानमा लेखिएको थियो- ‘उच्चस्तरीय राज्य पुनर्संरचना आयोगको सिफारिस अनुसार राज्य पुनर्संरचना गरिन्छ।’ यो सात प्रदेश कसले सिफारिस गर्‍यो ? त्यो आयोगले रिपोर्ट बुझायो, तर त्यसलाई किन संविधानसभामा छलफल गरिएन ? षड्यन्त्र यहींबाट भएको हो।

यदि त्यहाँ छलफल भएको भए संघीयताको स्वरूप बेग्लै हुन्थ्यो। १० प्लस १ प्रदेशको अवधारणामा मुलुक अगाडि बढ्थ्यो र अहिलेको भन्दा धेरै समावेशी र धेरै पहिचानलाई समेट्न सक्थ्यो। तर त्यो कुरा नेपालको शासक कुलिन वर्गलाई स्वीकार्य भएन। तिनलाई त्यो स्वीकार्य भएन र तिनलाई छलफलमा पनि ल्याइएन । सजिलोका लागि सात प्रदेशको संरचना बनाइयो।

म अझै पनि भन्छु- त्यो त्रुटिपूर्ण हो। सच्याउने हो भने पहिचानमा आधारित प्रदेशमा जानुपर्छ। किनभने नेपालमा फरक फरक पहिचानहरू छन् । तिनलाई समेटेर अगाडि बढौं । तर, त्यतातिरको सोच देखिँदैन ।

संविधानलाई समयसापेक्ष परिवर्तनशील बनाउनुपर्छ। सबै कुरा परिवर्तनशील छ यो जगतमा। सबै कुरा परिवर्तनशील छ, ढिलो-चाँडो परिवर्तन गर्ने र कुन बेला गर्दा सहि दिशा पक्रन्छ भन्ने कुरा महत्त्वपूर्ण हो। अहिलेको संविधानको सबभन्दा आधारभूत कुरा के हो भने जनतामा निहित सार्वभौमिकता र राजकीय सत्ता। संविधान सर्वोच्चता, विधिको शासन, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता- यी पाँच-सातवटा कुरालाई यथावत राखेर अगाडि बढौं। यो आजको आवश्यकता हो।

यी कुराहरू ठूलो बलिदानपछि प्राप्त भएका हुन्। अगाडि बढ्दा शासन प्रणाली, निर्वाचन प्रणाली र प्रदेशका क्षेत्राधिकारलाई सुदृढ गर्नुपर्छ। स्थानीय तहलाई प्रदेशका मातहत राखौं, जिल्लाको तह किन राख्नु पर्‍यो ?

एउटा झूटो प्रचार संघीयता खर्चिलो भयो भनेर गरिएको छ । विगतको जिल्ला पञ्चायतको बजेट जोड्नुस् र अहिले ७ प्रदेशको बजेट जोड्दा विगतकै बढी थियो । क्षेत्राधिकार पनि अहिलेको प्रदेशको भन्दा जिल्ला पञ्चायतको कम थिएन । २ प्रतिशत बजेट छुट्याएर खर्चिलो भयो भन्ने ?

फेडरलिज्म भनेको टु-टायर (दुई तह) नै हो। थ्री-टायर (तीन तह) फेडरलिज्म हुँदैन। त्यसकारण यी कुराहरू संशोधन गर्दै बढी समावेशी कसरी बनाउने, त्यो ध्यान दिनुपर्छ।

प्रदेश सभा बिना संघीयता हुन सक्दैन। संघीयता भनेको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका– यी तीनवटै अङ्गलाई प्रदेश र संघबाट अभ्यास गर्ने प्रणाली हो। फेडरलिज्म भनेको सेयर रुल र सेल्फ रुल हो। संघमा सभा रहने, अनि प्रदेशमा सभा किन नरहने ?

जसरी संघमा संसद् बिनाको संसदीय व्यवस्था हुन सक्दैन, त्यसैगरी प्रदेश सभा बिना प्रदेशको कल्पना हुन सक्दैन। यो हुने हो भने त पहिलाको अञ्चल जस्तो हुन्छ, जुन राष्ट्रिय पञ्चायतमा थियो ।

प्रदेश भनेको प्रशासनिक एकाइ होइन, यो भनेकै सेल्फ रुल वा अटोनोमी (स्वायत्तता) हो। यसमा कन्फ्युज हुनु हुँदैन। नभए त्यो नन-फेडरल (गैर-संघीय) हुन्छ। भारत जस्तो सेमी-फेडरल (अर्ध-संघीय) कन्ट्रीमा पनि प्रदेशहरू अधिकार सम्पन्न छन्। नेपाललाई त संविधानमै संघीय लोकतान्त्रिक गणतन्त्र हुनेछ भनेर लेखिएको छ।

नेपालमा एक-दुईवटा पार्टीबाहेक संघीयताप्रति इमानदारी देखिएन। प्रचण्डजी, केपी ओलीजी र मेरो हस्ताक्षर छ- संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने भनेर। तर सत्तामा पुगेपछि ‘संघीयता र धर्मनिरपेक्षता त बाहिरका शक्तिले बोकाइदिएको हो’ भन्न थाले। कांग्रेसको पनि त्यस्तै भयो। संघ र प्रदेशबीचको कानुन बनाउन ढिलाइ गर्ने अनि काम गरेन भन्न मिल्छ ?चारैतिरबाट हातखुट्टा बाँधेर, निरंकुशता र एकात्मकता लादेर र प्रदेशहरूलाई अधिकारविहीन जस्तै बनाएर जुन व्यवहार गरिएको छ, त्यस अवस्थामा पनि प्रदेशहरूले जति काम गर्न सकेका छन्, त्यो कम होइन। यदि प्रदेशलाई काम गर्ने वातावरण र अधिकार दिइएको भए उनीहरूले अझ धेरै गर्न सक्थे भन्ने कुरा हामीले कोरोनाकालमै देखिसकेका छौं।

अहिले पनि स्थानीय प्रतिनिधित्व र विकासको प्रक्रिया केन्द्रको तुलनामा पछाडि छैन। तुलना गरेर हेर्ने हो भने प्रदेश र स्थानीय तहले गरेको काममा कमी छैन। त्यसैले प्रदेशविरुद्ध फैलाइएको भाष्य धेरै हदसम्म झुटो अफवाह हो।

अस्ति मात्रै मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा करिब-करिब सबै अनुभवी कम्युनिस्ट नेताहरूको उपस्थिति थियो। धेरै विषय उठे, धेरै कुरा आए, नेताहरूले भाषण पनि गर्नुभयो। तर संघीयताको विषयमा संशोधन त परको कुरा, ‘संघीयता’ शब्दसमेत उच्चारण भएन। अहिले संघीयतामाथि प्रश्न उठिरहेका बेला प्रमुख नेताहरूले यसबारे बोल्न नचाहनु

बाँकी पृष्ठ ३मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कोठालाई राख्न ७ घरेलु उपाय

चर्को गर्मीको तपाईंको कोठामा पसिनसक्नु गर्मी हुन सक्छ। यदि एयर कन्डिसनर (एसी) छ भने यो चलाएपछि केहीबेरमा कोठालाई शीतल बनाउन सकिन्छ। तर एसी राख्न सक्ने हैसियत सबैको हुँदैन। एसीको आगमन हुनुभन्दा पहिले पनि मानिसहरूले गर्मीबाट बच्नलाई विभिन्न उपायहरू अपनाउने गर्थे। एसी नहुँदा कोठालाई शीतल बनाउन अधिकांशले प्रयोग गर्ने भनेको फ्यान हो। अहिले कुलरको प्रयोग गर्ने चलन पनि त्यत्तिकै बढेको छ। यस बाहेक पनि केही घरेलु तरिकाहरू छन् जसले एसी तथा कुलर बिना नै कोठालाई चिसो राख्न मद्दत गर्छ।



*१.कोठामा भिजेको तौलिया झुण्ड्याउने*

यो तरिकामा तौलिया चाहिन्छ। यसलाई चिसो पानीमा डुबाउनुहोस्। यदि सम्भव छ भने फ्रिजरमा राखेको चिसो पानीमा डुबाउनु राम्रो हुन्छ। त्यसपछि तौलियालाई निचोरेर झ्यालमा झुण्ड्याउनुहोस्। यसले बाहिरको तातो हावालाई चिसो पार्नेछ र कोठालाई चिसो राख्नेछ। यो विधि विशेष गरी रातिमा धेरै उपयोगी हुन्छ। भिजेको तौलिया रातिमा चाँडै सुक्दैन र कोठालाई लामो समयसम्म चिसो राख्छ।

*२.कोठामा घाम पर्न नदिने*

कोठालाई चिसो राखिराख्नका लागि गर्मीको समयमा कोठामा घाम पर्न दिनुहुँदैन। त्यसका लागि झ्यालमा गाढा रङका पर्दा राख्नुपर्छ। यसले भित्र घाम छिर्न दिँदैन। अझ झ्यालको बाहिरपट्टी कुनै बाक्लो कपडा राख्ने हो भने घामको तातो भित्र जानबाट राम्रोसँग रोकिक्छ। त्यसमा पनि झ्यालबाहिर झुण्ड्याउने यस्तो कपडालाई चिसो पानीले भिजाएमा त्यससले बाहिरको तातोलाई सोस्छ।

*३.कोठामा हावा पास हुन दिने*

भित्र घाम छिर्न नदिन उपाय अपनाएपनि दिनभर झ्याल लगाएर राख्नु भने हुँदैन। भित्र हावा गुम्सिएर हपक्क हुन सक्छ। अझ दुई साइडमा झ्याल छ भने दुवैतर्फ खोलेर हाला पास हुँन दिँदा कोठालाई ताजा राख्न सकिन्छ।

*४.छतमा सेतो रङ लगाउने*

कोठामा धेरै गर्मी हुनुको कारण छत तात्नु पनि हो। यदि कोठा छत भन्दा ठिक तल छ भने त झन तातो धेरै हुन्छ। छातले सबैभन्दा धेरै सूर्यको प्रकाश सोस्छ। छतलाई चिसो राख्दा गर्मी कम हुन्छ र भित्र चिसो महसुस हुन्छ। यसका लागि छतमा सेतो रङ लगाउनु राम्रो हुन्छ। सेतो रङले सूर्यको प्रकाश सोस्छ।

*५.भेन्टिलेसनमा ध्यान दिने*

कोठाभित्र भएको तातो हावा बाहिर निकाल्नका लागि कोठामा राम्रो भेन्टिलेसनको आवश्यकता पर्छ। प्रत्येक कोठामा भेन्टिलेसनको प्रबन्ध गर्दा यसले कोठालाई चिसो राख्न मद्दत गर्छ।

*६.बाल्कोनीमा पर्दा राख्ने*

बालकोनीमा पर्दा झुण्ड्याएर त्यसमा चिसो पानी छर्किएमा पनि कोठामा बाहिरको तातो हावा पस्नबाट रोक्न सकिन्छ। यो घरलाई चिसो राख्नको लागि परम्परागत र वातावरणमैत्री विधि हो।

*७.छतमा चिसो पानी हाल्ने*

दिनभरको घामले घरको छत निकै तातेको हुन्छ। यस्तो अवस्थामा घर तथा कोठामा धेरै तातो प्रवेश गरेर निकै गर्मी मसुसुस गराउँछ। घाम अस्ताउनेबित्तिकै छतलाई चिसोपानीले भिजाएमा केही घण्टापछि कोठो बिस्तारै चिसो हुँदै आउँछ।

# परग्रहवासी जीवनको प्रमाण हामी आफैंले गुमाइरहेका त छैनौं ?

वैज्ञानिकहरूले अन्तरिक्षमा परग्रहवासी जीवन (एक्स्ट्राटेरेस्ट्रियल लाइफ) को अस्तित्व भए पनि मानवले त्यसका प्रमाणहरू पहिचान गर्न नसकी नजरअन्दाज गरिरहेको हुन सक्ने चिन्ता व्यक्त गरेका छन्।

वैज्ञानिक जर्नल नेचर एस्ट्रोनोमी मा प्रकाशित नयाँ अनुसन्धानले 'फल्स नेगेटिभ' अर्थात् कुनै ग्रह वा उपग्रहमा जीवनको अस्तित्व हुँदाहुँदै पनि हाम्रो प्रविधि, अनुसन्धान पद्धति वा सीमित बुझाइका कारण त्यसलाई प्रमाणित गर्न नसकिने समस्यामाथि गम्भीर बहस गरेको छ।

अनुसन्धानका प्रमुख लेखक तथा उट्रेख्त विश्वविद्यालय र एम्स्टर्डम विश्वविद्यालयका एस्ट्रोबायोलोजी (खगोल जीवविज्ञान) का प्राध्यापक इन्गो लोस तेन काटेका अनुसार अन्तरिक्ष अनुसन्धानमा अहिलेसम्म वैज्ञानिकहरू 'फल्स पोजेटिभ' अर्थात् जीवन नभए पनि जैविक संकेत जस्तो देखिने भ्रमबाट बच्न बढी केन्द्रित भएका छन्। तर, वास्तवमै जीवन भएर पनि त्यसलाई पहिचान गर्न नसक्ने 'फल्स नेगेटिभ' को जोखिमलाई भने पर्याप्त प्राथमिकता दिइएको छैन।

अनुसन्धानले यस अवस्थाले अर्बौं डलर खर्च गरेर सञ्चालन गरिएका अन्तरिक्ष मिसन र वैज्ञानिक उपकरणहरूको डिजाइन तथा अनुसन्धान रणनीतिमै कमजोरी हुन सक्ने संकेत गरेको छ।

वैज्ञानिकहरूका अनुसार कुनै ग्रह वा उपग्रहमा जीवहरूले छाडेका जैविक अवशेष (बायोसिग्नेचर) समयसँगै नष्ट हुन सक्छन्। त्यस्तै, जीवहरूले उत्सर्जन गर्ने संकेतहरू अत्यन्त कमजोर हुन सक्छन्, जसका कारण विद्यमान उपकरणहरूले तिनलाई सजिलै पहिचान गर्न सक्दैनन्।

अनुसन्धानले अर्को महत्वपूर्ण चुनौती पनि औँल्याएको छ। मानिसले प्रायः पृथ्वीमा देखिएको जीवनकै आधारमा अन्तरिक्षमा जीवन खोज्ने प्रयास गर्छ। यदि कुनै ग्रहमा पृथ्वीभन्दा पूर्णतः फरक रासायनिक संरचना वा वातावरणीय अवस्थाअनुसार विकसित जीवन रहेको भए, वर्तमान प्रविधि र अनुसन्धान पद्धतिले त्यसलाई चिन्न नसक्ने सम्भावना उच्च रहेको वैज्ञानिकहरूको भनाइ छ।

उदाहरणका रूपमा मंगल ग्रहमा फेला परेका फलामयुक्त खनिजमा देखिएको असामान्य अक्सिडेशनलाई लिइएको छ। पृथ्वीमा यस्ता परिवर्तन सामान्यतः जैविक गतिविधिसँग सम्बन्धित मानिए पनि मंगल ग्रहमा त्यो अज्ञात भू-रासायनिक प्रक्रियाको परिणाम पनि हुन सक्छ। यदि यस्तो अवस्थाको गहिरो अध्ययन नगरिएमा वास्तविक



जैविक प्रमाण गुम्ने जोखिम रहने अनुसन्धानले औँल्याएको छ।

यस चुनौतीको समाधानका लागि वैज्ञानिकहरूले प्रयोगशाला परीक्षण, कम्प्युटर मोडेलिङ र पृथ्वीका दुर्गम क्षेत्रहरूमा गरिने स्थलगत अध्ययन (फिल्डवर्क) लाई एकीकृत रूपमा अघि बढाउनुपर्ने सुझाव दिएका छन्। साथै, मानव आँखाले वा परम्परागत विश्लेषण प्रणालीले छुटाउन सक्ने जटिल ढाँचा र सम्बन्धहरू पहिचान गर्न कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग प्रभावकारी हुने उल्लेख गरिएको छ।

अनुसन्धानले जीवनको प्रमाण पहिचान गर्न नसक्नुका गम्भीर राजनीतिक र आर्थिक परिणाम पनि हुन सक्ने चेतावनी दिएको छ। कुनै ग्रहमा जीवनको अस्तित्व रहेको संकेत छुटेमा वैज्ञानिकहरूले त्यस क्षेत्रलाई पूर्णतः निर्जीव ठानेर अनुसन्धान बन्द गर्न सक्छन्, जसले सम्भावित बसोबासयोग्य वातावरणबारे महत्वपूर्ण जानकारी सधैंका लागि गुम्न सक्छ।

त्यसैगरी, कुनै ग्रहलाई जीवनरहित घोषणा गरिएमा भविष्यमा त्यहाँ व्यावसायिक रूपमा खनिज वा अन्य प्राकृतिक स्रोतको उत्खनन गर्न अनुमति दिइन सक्छ। यदि त्यहाँ सूक्ष्म वा अदृश्य स्वरूपको परग्रहवासी जीवन अस्तित्वमा रहेको भए, त्यस्तो गतिविधिले त्यसलाई स्थायी रूपमा नष्ट गर्न सक्ने खतरा रहेको अनुसन्धानले जनाएको छ।

यसैले वैज्ञानिकहरूले भविष्यमा कुनै पनि ग्रह वा उपग्रहमा अन्तरिक्षयान अवतरण गराउनुअघि त्यहाँको भू-रासायनिक अवस्था, सम्भावित जैविक संकेत तथा वातावरणीय विशेषताको अत्यन्त सूक्ष्म र बहुआयामिक अध्ययन गर्नु अपरिहार्य रहेको निष्कर्ष निकालेका छन्।

# प्रदेश सभा.............

गम्भीर विषय हो।

मलाई समग्रमा के लाग्छ भने संघीयताले विविधतालाई समेट्छ। यसले सत्ता र अधिकारमा मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, मुस्लिमलगायत समुदायलाई समावेश गर्दै अघि बढाएको छ। पुरानो, सामन्तवादी र उच्च जाति-उच्च वर्गको अधिपत्य कायम रहनुपर्छ भन्ने मानसिकताले यसलाई सहजै स्वीकार गर्न सकेको छैन। संघीयताले पुरानो शक्ति-संरचना तोडिदियो भन्ने मनोविज्ञानबाट माथि उठ्न नसक्दा समस्या आएको हो।

आज मेरो विशेष आग्रह नयाँ पुस्तासँग छ। तपाईंहरूले सोच्नुस्, अध्ययन गर्नुस् र बुझेर मात्रै निष्कर्षमा पुग्नुस्। तपाईंहरू नै हाम्रो भावी नेतृत्व हो। तपाईंहरूले नसुन्ने, अध्ययन नगर्ने र भीडको पछि मात्र लाग्ने हो भने हामी सबै दुर्घटनामा पर्न सक्छौं। इतिहासमा धेरै मुलुक यस्तै दुर्घटनामा परेका छन्।

मलाई इरानको उदाहरण याद आउँछ। शाह रेजा पहलवीको समयमा इरानमा एक किसिमले युरोपियन स्तरको समाज थियो। त्यहाँ ठूला-ठूला राजनीतिक दल पनि थिए। तर युवाहरूको आन्दोलनपछि जुन परिणाम आयो, त्यो धेरैले कल्पना गरेका थिएनन्। आन्दोलनपछि खुमेनी आए। त्यसपछि ठूलो दमन भयो, १० हजार महिलालाई सडकमा सुताएर डोजरले मारे। युवा त कति मारिए कति। हजारौं मानिस मारिए र इरान एक कट्टर इस्लामिक राज्यतर्फ गयो। आजसम्म पनि इरान पुरानो ठाउँमा फर्किन सकेको छैन। त्यो ठूलो ऐतिहासिक गल्ती थियो। त्यो भयंकर ठूलो गल्ती थियो।

अफगानिस्तानमा के भयो? अफगानिस्तानले आफ्नो घरभित्र मात्रै गल्ती गरेको होइन। बाह्य भू-राजनीतिक चलखेलबाट युवाहरू धेरै प्रभावित भए। त्यसको परिणाम आजसम्म अफगानिस्तानले भोगिरहेको छ।बंगलादेश कहाँ पुगिरहेको छ? श्रीलंका कहाँ पुग्यो? भेनेजुएला, एल साल्भाडोर, चिली जस्ता मुलुकहरू कहाँ पुगे? यस्ता धेरै उदाहरण संसारमा छन्।

हामी कहिलेकाहीं भ्रममा पर्छौं- सबै कुरा हामी आफैंले गरिरहेका छौं भन्ने लाग्छ। तर कतिपय घटनामा कर्ता हामी देखिए पनि निर्देशक र पटकथाकार कहाँ छन् भन्ने थाहा हुँदैन। त्यसको परिणाम धेरै पछि गएर पछुताउनुपर्ने अवस्था आउँछ। त्यसैले मेरो अनुभवको आग्रह हो- युवा पुस्ताले सुन्नुपर्छ, मन परे पनि नपरे पनि अध्ययन गर्नुपर्छ, विश्लेषण गर्नुपर्छ र त्यसपछि मात्रै निर्णयमा पुग्नुपर्छ। अब प्रश्न उठ्छ- संघीयता भएन भने के हुन्छ? कल्पना गर्नुभएको छ ?

संघीयता भएन भने नेपालको विविधता सम्बोधन हुँदैन। स्वायत्तता कमजोर भयो भने सुशासन कमजोर हुन्छ। अन्ततः लोकतन्त्र नै संकटमा पर्न सक्छ। कुनै न कुनै बहानामा फेरि मुलुकमा अधिनायकवादी शासन फर्किन सक्छ।

अस्ति पनि झण्डै-झण्डै त्यस्तै अवस्था आएको होइन र? २३ गतेको चाहना २४ गतेको राति के भयो? झण्डै-झण्डै लोकतन्त्र, गणतन्त्र, संघीयता र अहिलेको संविधान नै संकटमा परेको थियो। हामीले कल्पनासमेत नगरेको अवस्था आयो। अहिले पनि संविधान अनुकूल ढंगले सबै प्रणाली चलिरहेको छ भन्ने अवस्था छैन। अहिलेको सरकार जनताको म्यान्डेट लिएर, जसरी भए पनि, आएको छ। त्यसले काम गर्नुपर्छ। तर सकारात्मक सोच, रचनात्मकता र संविधानअनुकूल बाटोबाट अघि बढ्नुपर्छ।

यदि संघीयताले विविधतालाई समेटेन भने मुलुक जातीय द्वन्द्वमा फस्न सक्छ। जातीय द्वन्द्वले के परिणाम ल्याउँछ, संसारले देखिसकेको छ। सोभियत संघ कुनै समय महाशक्ति थियो। तर त्यहाँ रूसी महान भन्ने सोच हाबी भयो, अरू जातीय र भाषिक समुदायलाई समेट्न सकिएन। त्यसकै परिणामस्वरूप सोभियत संघ टुक्रियो। एक समयको महाशक्ति अन्ततः यति कमजोर भयो कि येल्त्सिनको समयसम्म पुग्दा विश्वमा सहयोग माग्नुपर्ने अवस्थामा आयो।

आज संसारको नक्सामा युगोस्लाभिया छैन। चेकोस्लोभाकिया छैन। ती मुलुकहरू कहाँ गए? जातीय असन्तुलन, पहिचानको अस्वीकार र द्वन्द्वले तिनीहरूलाई विघटनतर्फ लग्यो।

नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील मुलुक, दुई ठूला शक्ति राष्ट्रको बीचमा रहेको देश, जातीय द्वन्द्वमा फस्यो भने के त्यसले आफूलाई टिकाउन सक्छ? यसको गम्भीर परिकल्पना गर्नुपर्छ।

त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउँदै, नेपालको विविधतालाई सम्मान गर्दै, फरक-फरक पहिचानलाई स्वीकार गर्दै अघि बढ्नुको विकल्प छैन। त्यसका लागि आवश्यक परे संविधान संशोधन गर्नुपर्छ, ऐन-कानुन संशोधन गर्नुपर्छ। आवश्यक परे सातै प्रदेशको संरचनामा पनि सुधार गर्नुपर्छ। सबै कुरा मिलेको छैन, त्यसलाई मिलाउँदै लैजानुपर्छ।

मधेशकै कुरा गर्ने हो भने- के मधेश भनेको ८ जिल्ला मात्रै हो ? मधेश त ऐतिहासिक भूगोल हो। साँच्चै भन्ने हो भने नेपालको औपचारिक इतिहासभन्दा हजारौं वर्ष पुरानो इतिहास र संस्कृति भएको ठाउँ पनि मधेश हो। त्यसलाई खण्ड-विखण्ड गरेर, बहादुरी देखाएर हुन्छ; त्यसलाई आत्मसात् गर्नुपर्छ।

त्यसैगरी किरातहरूको इतिहास नेपालको इतिहासभन्दा पुरानो छ। खस-खसानको इतिहास पनि नेपालको औपचारिक इतिहासभन्दा पुरानो छ। काठमाडौंको आफ्नै अलग इतिहास छ। यी इतिहासहरूलाई मेटाउन सकिँदैन।

यदि हामीले यी सबै इतिहास र पहिचानलाई समाप्त पारेर फेरि एकात्मक, केन्द्रित र नियन्त्रित राज्यतर्फ फर्किने हो भने त्यो अत्यन्त दुर्भाग्यपूर्ण हुनेछ। यसमा हामी सबै सचेत हुनुपर्छ।

अहिले संघीयताविरुद्ध भाष्य निर्माण गर्न टिकटकजस्ता माध्यम प्रयोग भइरहेका छन्। दुई जना मान्छे उठाइन्छ, लुंगी लगाइन्छ र भनिन्छ- 'नेता पाल्ने हो?' 'कर्मचारी धेरै भए।' तर एउटा कुरा भन्नुस्- यदि कर्मचारी धेरै छन् भने तिनीहरूलाई काममा लगाउने जिम्मेवारी कसको हो? रोजगारीको ग्यारेन्टी कसले गर्छ?

रोजगारी पनि त दिनुपर्छ। सबै रोजगारी खाडी मुलुकको जिम्मा र शासन मात्रै यहाँको जिम्मा हुने कुरा हुँदैन। राज्यले विभिन्न क्षेत्रमा लाखौं मानिसलाई रोजगारी दिन सक्नुपर्छ। सबै संरचना घटाउँदै जाने, आफू मात्रै भएर देश बन्छ ? साभार: अनलाइनखबरडटकम

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८३ असार १८ गते बिहिवार [02 July 2026] | समाचार दैनिक जनकपुर

# सीमा विवाद कूटनीतिक संवादबाट समाधान हुन्छ : सरकार

दैनिक समाचारदाता
काठमाडौं, १७ असार । सरकारले नेपाल-भारत सीमा सम्बन्धी समस्याहरू ऐतिहासिक सन्धि, नक्सा र तथ्यका आधारमा कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल प्रतिबद्ध रहेको जनाएको छ ।

राष्ट्रिय सभाको बुधबारको बैठकमा सांसदहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै परराष्ट्रमन्त्री शिशिर खनालले सन् १८१६ को सुगौली सन्धिअनुसार निर्धारण भएको नेपाल-भारत सीमाअन्तर्गत सुस्ता, लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा अझै प्राविधिक रूपमा सीमांकन हुन बाँकी रहेको स्पष्ट पारे।

उनका अनुसार हालै नेपाल सशस्त्र प्रहरी बल र भारतको सीमा सुरक्षा बल (एसएसबी) को संयुक्त टोलीले पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ तथा भारतको पश्चिम चम्पारणस्थित रामपुर्वा सीमा क्षेत्रको स्थलगत अनुगमन गरेको थियो। सो क्रममा नारायणी नदी किनारमा निर्माणाधीन तटबन्ध तथा सिँचाइ र जलस्रोत व्यवस्थापन आयोजनाबारे



छलफल भएको थियो।

मन्त्री खनालले नेपाली भूभागभित्र निर्माण भइरहेको करिब एक किलोमिटर लामो तटबन्धप्रति भारतीय पक्षको कुनै आपत्ति नरहेको जानकारी दिए। तर त्यसको पूर्वतर्फ थप १३२ मिटर तटबन्ध निर्माणका विषयमा भने दुवै देशबीच समन्वय आवश्यक रहेको बताए।

उनका अनुसार भारतीय पक्षले उक्त खण्डको निर्माण अघि बढाउनुअघि सम्बन्धित निकायबीच आपसी छलफल र सहमति हुनुपर्ने धारणा व्यक्त गरेको छ।

सीमा व्यवस्थापनका लागि 'बाउन्ड्री वर्किङ ग्रुप' लगायतका द्विपक्षीय संयन्त्रहरू नियमित रूपमा सक्रिय रहेको र नेपाल सशस्त्र प्रहरी बल तथा भारतको एसएसबीबीच पनि समन्वय कायम रहेको मन्त्री खनालले बताए।

उनले नेपाल-भारत संयुक्त प्राविधिक समितिले अधिकांश क्षेत्रमा सीमांकनको काम सम्पन्न गरिसकेको भए पनि सुस्ता र कालापानी क्षेत्रमा भने अझै सहमति हुन नसकेको जानकारी दिए।

मन्त्री खनालले कालापानी, लिम्पियाधुरा, लिपुलेक र सुस्ता नेपालको अभिन्न भूभाग रहेको सरकारको अडान दोहोर्‍याउँदै ऐतिहासिक प्रमाण, नक्सा र तथ्यका आधारमा कूटनीतिक वार्तामार्फत सीमा विवाद समाधान गर्न नेपाल निरन्तर प्रयासरत रहेको बताए।

उनले छिमेकी मुलुकबीच सीमा सम्बन्धी विवाद देखिनु अस्वाभाविक नभए पनि त्यसको समाधान संवाद, सहकार्य र कूटनीतिक माध्यमबाटै खोजिनुपर्नेमा सरकार दृढ रहेको उल्लेख गरे। साथै, सीमा मापन र तटबन्ध निर्माणलगायतका विषयमा पनि द्विपक्षीय समझदारीका आधारमा अघि बढाइने उनले बताए।

## म्यान्माको द्वन्द्वमा मृतकको एक लाख नाघ्यो



याङ्गुन, १७ असार । म्यान्मामा सन् २०२१ को सैन्य तख्तापलटपछि सुरु भएको गृहयुद्धमा मृत्यु हुनेको सङ्ख्या एक लाख नाघेको छ । द्वन्द्वसम्बन्धी घटनाको अभिलेख राख्ने संस्था सशस्त्र द्वन्द्व स्थान तथा घटना तथ्याङ्क (एसिएलइडी) का अनुसार सबै पक्षबाट हालसम्म कम्तीमा एक लाख १४ जनाको ज्यान गएको छ । विश्लेषकले यसलाई अहिले एसियाकै सबैभन्दा घातक सक्रिय द्वन्द्वका रूपमा वर्णन गरेका छन् । सैन्य नेतृत्वले फेब्रुअरी २०२१ मा आङ सान सुकी नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गर्दै सत्ता कब्जा गरेको थियो । त्यसपछि लोकतन्त्र समर्थक प्रदर्शनमाथि गरिएको दमनले सशस्त्र विद्रोहको रूप लिँदा प्रजातन्त्र समर्थक समूह जातीय सशस्त्र सङ्गठनसँग मिलेर सेनाविरुद्ध लडिरहेका छन् ।

हालसम्म एक हजार २०० भन्दा बढी सशस्त्र समूह सक्रिय रहेको एसिएलइडीले जनाएको छ । द्वन्द्वले सर्वसाधारणको जीवन गम्भीररूपमा प्रभावित भएको छ । राखाइन राज्यमा हवाई आक्रमणमा श्रीमान् गुमाएकी ४९ वर्षीया थेइन आये नुले आफूले अपार पीडा भोगिरहेको र अब कसलाई दोष दिने भन्ने अवस्था पनि नरहेको बताउनुभयो । मध्य म्यागवे क्षेत्रका अर्का एक बासिन्दाले लोकतन्त्र समर्थक विद्रोहमा सहभागी भएका आफ्ना किशोर छोराको मृत्यु भएपछि युद्धका कारण धार्मिक संस्कारसमेत पूरा गर्न नपाएको गुनासो गर्नुभयो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार म्यान्मामा ३७ लाखभन्दा बढी मानिस आन्तरिकरूपमा विस्थापित भएका छन् भने पाँच मध्ये एकभन्दा बढी नागरिक गम्भीर खाद्य असुरक्षाबाट प्रभावित छन् । याङ्गुनसहितका केही क्षेत्रमा लक्षित हत्या भइरहेका छन् भने अन्य क्षेत्रमा रुसी र चिनियाँ आपूर्तिका लडाकू विमानबाट नियमित हवाई आक्रमण भइरहेको बताइएको छ ।एसिएलइडीका अनुसार सन् २०२५ मा प्यालेस्टिनी क्षेत्रपछि म्यान्मा विश्वकै दोस्रो सबैभन्दा बढी द्वन्द्वग्रस्त मुलुक बनेको थियो । सन् २०२३ को अन्त्यतिर विद्रोही समूहले उल्लेखनीय सफलता हाँसिल गरे पनि चीनको समर्थन र केही जातीय सशस्त्र समूहसँगको सहमतिपछि पछिल्लो समय सेनाले पुनः आफ्नो पकड बलियो बनाएको विश्लेषकको भनाइ छ ।फेब्रुअरी २०२४ मा सेनाले अनिवार्य सैनिक भर्ती लागू गरी करिब ५० हजार नागरिकलाई सैन्य सेवामा बोलाएको थियो । पूर्वसैनिकका अनुसार पर्याप्त तालिमबिनै अग्रपङ्क्तिमा पठाइएका धेरै भर्ती सैनिक युद्धमा ज्यान गुमाउने उच्च जोखिममा छन् । युद्धका कारण थाइल्यान्ड र बङ्गलादेशतर्फ शरणार्थीको पलायन बढेको छ । साथै सीमावर्ती क्षेत्रमा लागुऔषध उत्पादन, तस्करी तथा सशस्त्र समूहको संरक्षणमा सञ्चालित अनलाइन ठगी केन्द्र पनि तीव्ररूपमा विस्तार हुँदै गएको पर्यवेक्षकले बताएका छन् । रासस/एएफपी

## इन्धनको.......

उद्देश्यले मूल्य समायोजन गरिएको हो ।

अन्तर्राष्ट्रिय उडानका लागि प्रयोग हुने हवाई इन्धनको मूल्य काठमाडौंका लागि प्रतिकिलोलिटर २६५ अमेरिकी डलरले घटाएर १ हजार ५६६ अमेरिकी डलर कायम गरिएको छ। पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलका लागि भने 'ब्रेकइभन पोइन्ट' (नाफा-नोक्सान नहुने आधार) अनुसार क्रमशः १ हजार १०० अमेरिकी डलर र १ हजार ८५ अमेरिकी डलर प्रतिकिलोलिटर मूल्य निर्धारण गरिएको निगमले जनाएको छ ।

नेपाल आयल निगमले पछिल्ला केही महिनादेखि अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यमा उतारचढाव भइरहे पनि हाल खरिद मूल्यमा आएको गिरावटका आधारमा उपभोक्तालाई राहत दिन मूल्य समायोजन गरिएको जनाएको छ ।

नयाँ मूल्यसूची बुधबार बिहानदेखि देशभर लागू हुने निगमले जनाएको छ ।

## प्रविधिमार्फत.....

सुनिश्चित गर्ने उद्देश्यसहितको संकल्प प्रस्ताव सभामा प्रस्तुत गरेकी थिइन्।

राष्ट्रिय सभाको अर्को बैठक असार १८ गते बिहीबार दिउँसो १:१५ बजे बस्ने गरी बोलाइएको छ।

## 'नारायणहिटी सफा गर्न लगाइएको सूचना आएको थियो' : प्रचण्ड

दैनिक समाचारदाता
काठमाडौं, १७ असार । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले जेनजी आन्दोलनपछि नारायणहिटी दरबार सफा गर्न लगाइएको सूचना आफूहरूले पाएको बताएका छन् ।

पोखरामा आयोजित पार्टीको गण्डकी प्रदेश समिति एकता बैठक तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले भदौ २६ गते राति राष्ट्रपति निवास शीतलनिवासमा बसेर देशलाई अर्को दुर्घटनाबाट जोगाउने विषयमा छलफल भएको बताए ।

उनले त्यसबेला देशको राजनीतिक अवस्था अत्यन्त संवेदनशील रहेको र जनस्तरमा पनि देश नयाँ मोडतर्फ जान लागेको चर्चा भइरहेको स्मरण गरे।

प्रचण्डले नारायणहिटी दरबार सफा गर्न लगाइएको सूचना प्राप्त भएपछि राजनीतिक परिस्थिति झन् असामान्य देखिएको उल्लेख गर्दै जनता, नेता र कार्यकर्ताबीचको सम्बन्ध कमजोर बनेको टिप्पणी गरे।

उनका अनुसार त्यतिबेला आफूहरूलाई व्यक्तिगत भविष्यभन्दा पनि देशलाई सम्भावित राजनीतिक दुर्घटनाबाट जोगाउने चिन्ता बढी




थियो।

उनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अन्तरिम सरकार गठनका लागि पत्र लेखेको दाबी दोहोर्‍याउँदै त्यसपछि मात्र अन्तरिम सरकार गठनको वैधानिक आधार बनेको आफूहरूले ठानेको बताए।

प्रचण्डले अन्तरिम सरकार गठनको प्रस्ताव आफूहरूले अघि नसारेको स्पष्ट पार्दै त्यसको पहल तत्कालीन प्रधानमन्त्री ओलीकै तर्फबाट भएको जिकिर गरे।

उनले आफूहरू संसद् विघटनको पक्षमा नरहेको उल्लेख गर्दै नयाँ प्रधानमन्त्रीको अनुमोदन संसद्बाटै हुनुपर्ने अडान अन्तिम समयसम्म कायम राखेको बताए। देशलाई थप राजनीतिक संकटतर्फ जानबाट रोक्नका लागि मात्रै त्यसबेलाको निर्णय स्वीकारिएको उनको भनाइ थियो।

## रास्वपा कार्यालय बनस्थलीमा दृष्टिविहीनको प्रदर्शन

दैनिक समाचारदाता
काठमाडौं १७ असार । विभिन्न माग राख्दै आन्दोलनरत सडकपेटी आश्रित दृष्टिविहीन नागरिकहरूले रास्वपा कार्यालय बनस्थलीमा प्रदर्शन गरेका छन् ।


रास्वपा सभापति रवि लामिछानेलाई आफ्ना मागका बारेमा जानकारी गराउन पार्टी कार्यालय बनस्थली पुगेका सडकपेटी आश्रित दृष्टिविहीनहरूले सभापति लामिछानेलाई भेट्न नपाएपछि आक्रोशित हुँदै प्रदर्शन गरेका हुन् । रास्वपा सभापति लामिछानेलाई भेट्न नदिएपछि जबरजस्ती कार्यालयभित्र खोज्दा प्रहरीले उनीहरूलाई रोकेको थियो ।




सडकपेटी आश्रित दृष्टिविहीन नागरिकहरूले सुरक्षाकर्मीहरूले सभापतिलाई भेट्न दिने भन्दै झुक्काएको गुनासो गरेका छन् । सडक पेटीलाई कार्य क्षेत्र बनाएका दृष्टिविहीन तथा न्यून दृष्टियुक्त व्यक्तिहरुमाथि काठमाडौं महानगर लगायत विभिन्न निकायहरूले बलपूर्ण धरपकड गरेको भन्दै उनीहरु आन्दोलित भएका हुन् ।

सरकारले दृष्टिविहीनहरूको गाँस, बास र कपासको ग्यारेन्टी नगरेको र उल्टै सडकमा व्यापार गरेर जीवनयापन गर्न समेत नदिएको उनीहरूको भनाइ छ ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४